







# गौमुल गाउँपालिका, खाद्य सुरक्षा सर्वेक्षण बुलेटिन २०७८ वर्ष १ अंक १

## गाउँपालिकाको संक्षिप्त परिचय ( Gaumul Rural Municipality—a brief introduction)

गौमुल गाउँपालिका सुदुरपश्चिम प्रदेश अन्तर्गत बाजुरा जिल्लामा अवस्थित उच्च पहाडी तथा हिमाली विशेषता बोकेको गाउँपालिका हो। साविक मनाकोट, दहकोट र बडिमालिका नगरपालिका वडा नं १. वार्ड मिलेर बनेको यो गाउँपालिका ३१४.६६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ।

समुन्द्री सतहबाट करिब १३६० देखि ५४४० मिटर सम्मको उँचाईमा रहेको छ। यस गाउँपालिका बाजुरा जिल्लाको सदरमुकाम मार्तडी देखि करीब १७ किमीको दुरीमा पश्चिम भागमा रहेको छ। यस गाउँपालिकाको पुर्वमा बुढिनन्दा न.पा पश्चिममा बझाङ र दक्षिणमा छेडेदह र बढिमालीका न. पा. र उत्तरमा हिमाली गाउँपालिकासँग सिमाना जोडिएको छ। ६ वटा वडामा विभाजित हाल गा पाको कार्यालय घट्मुना रहेको छ।

२०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसङ्ख्या १०६९४ रहेको देखिन्छ। जस मध्य महिला ५३३४ र पुरुष ५३६० जना रहेका छन। साथै गाउँपालिकाको प्रोफाईल अनुसार ५ देखि ५९ महिना उमेर समुहका बालबालिका २,१६७ जना रहेका छन।




## सर्वेक्षण बिधि तथा तथ्याङ्क विश्लेषण (Data collection method and analysis)

**बस्तीस्तरीय लक्षित घरपरिवारहरुसँग छलफल** – गाउँपालिकाको प्रत्येक 6 वडाहरुको गाउँबस्ती पहिचान गरि गाउँपालिकाको कृषि तथा पशु शाखामा कार्यरत karmachari bivinna sangh sastha maa karyarat SM Laai २ दिने अनुशिक्षण पश्चात बस्तीस्तरमा स्थलगत लक्षित समुह छलफल गरी निर्धारित खाद्य सुरक्षा सूचना संकलन फाराममा तथ्यांक संकलन गरिएको थियो।

**जानीफकारसंग अन्तरवार्ता** – बस्तीस्तरमा विषय सम्बद्ध जानिफकार बिच विषेश छलफल तथा अन्तरकृया गरी सूचनाहरु संकलन गरिएको थियो।

**द्वितिय स्रोत** – गाउँपालिकाका सम्बद्ध शाखा कार्यालयहरुको चौमासिक, बार्षिक प्रतिवेदन साथै खाद्य सुरक्षासँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा प्रतिवेदनहरु द्वितिय स्रोतकोरुपमा प्रयोग गर्दै सुक्ष्मरुपमा अध्ययन गरिएको छ।

**विश्लेषण** – संकलित जानकारीहरूलाइ खाद्य सुरक्षाका चार आयाम क्रमशः खाद्य उपलब्धता, पहूँच, उपयोगिता र स्थिरताको सन्दर्भमा वडागत स्थिति झल्किने गरी विश्लेषण तथा विवेचना गरिएको छ।





**सीमा**– गाउँपालिकाको 6 वटा वडाहरुको प्रत्येक गाउँ बस्ती लक्षित समुह छलफल गरी सूचना तथा तथ्यांक संकलन गरीएको थियो। वडास्तरको खाद्य सुरक्षाको ४ वटा आयमहरुलाई मुख्यरुपमा ध्यानमा राखी लक्षित समुह छलफलको लागि चेक लिष्टको माध्यमद्वारा सूचना संकलन गरिएको थियो। यस अध्ययनमा अन्य क्षेत्रको विगतमा प्राप्त सफल अनुभव बमोजिम तयार गरिएको छ। यस अध्ययनमा सूचना संकलन विवरणहरु यथासक्य बढी सूचना समाबेष हुने गरी तयारी गरेता पनि तथ्याङ्क व्यवस्थापन तथा बिश्लेक्षण सम्बन्धी व्यवहारिक कठिनाईहरु बाबजुद सम्बन्धित सबैको प्रयासबाट समग्र गाउँपालिको प्राराम्भिकरुपमा खाद्य सुरक्षा अवस्था विवरण तयार भएको छ। प्रस्तुत सूचना /तथ्यांकलाई संभव भएसम्म वडागत र खाद्य सुरक्षाको आयामहरु अनुसार खण्डीकृतरुपमा बिश्लेषण गर्ने प्रयास गरिएको छ। आगामी दिनमा गाउँपालिकाबाट सिमित आर्थिक तथा मानवीय स्रोतसाधनको बाबजुद पहिलो प्रयासको रुपमा तयार गरिएको यस सुरक्षा बिश्लेषण समय अनुकुल आवद्यीकरुपमा आवश्यकता अनुसार अबलम्वन गर्दै लैजान जरुरी छ।

# वडास्तरीय खाद्य सुरक्षा सर्वेक्षणको प्रारम्भिक नतिजा (Preliminary results of ward-wise food security information)

## जग्गाको प्रकार र क्षेत्रफल (Types of Land and Area)

यस गाउँपालिकाका बासीन्दाहरुको मुख्य पेसा कृषि रहेको छ। गाउँपालिकाको कूल क्षेत्रफल ३१३०६.६८ हेक्टर रहेको छ, जस मध्ये खेती गरिएको जमिन करिव १९०५३.८६ हे. मात्र रहेको छ। जस मध्ये खेत ८२०.९ हेक्टर र वारी ३९०७.०७ हेक्टर रहेको देखिन्छ।


उच्च पहाडी जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले हिमाली तथा उच्च पहाडी क्षेत्रको अधिकांश जमिनको बनौट भिरालो प्रकृतिको छ भने नदि तटीय क्षेत्र लगायतका अन्य क्षेत्रमा न्युन समथर जमिन रहेको छ। उच्च पहाडी श्रृंखलाले बनेकोले यस गाउँपालिकामा कडा खालको चट्टानी भुभाग, भीरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ। यस क्षेत्रमा मुख्यतया सिमधारा,खडीखेत, बगर, घोगाला, भण्डारीवाडा, अम्लिस लगायतका स्थानमा गरि करिब १५ प्रतिशत समथर भु-भाग रहेको छ साथै कडा खालको चट्टान र भिरालोपन रहेको यो स्थानमा चरनका लागि पाटन क्षेत्र समेत रहेको छ।




वनक्षेत्रले ओगटेको क्षेत्र हेर्दा जंगल ३७ प्रतिशत, खर्क र चरन तथा घाँसे मैदान २३.९२, बुट्यान १९ र बाँझो उजाड १२.६२ प्रतिशत रहेको छ। यस गाउँपालिकाको मुख्य अन्न बाली गहु, जौ र कोदो आदी हुन भने धान र मकै न्युन मात्रामा खेति गरिने बाली हुन। साथै रैथाने बालीहरुमा फापर, कागुनो, चिनो, मार्से आदि हुन्। त्यसै गरी सिमी, आलु, भटमास, केराउ र मास स्याउ, ओखर, सुन्तलाजात र आरु जस्ता फलफुलहरु उत्पादन हुने यस क्षेत्रमा आलु, काउली, बन्दा, गोलभेडा जस्ता तरकारी बालीको उत्पादन हुने गरेको छ। परम्परागत खेती प्रणाली, कृषि प्राविधिकको अभाव, पर्याप्त सिंचाइ सुविधाको अभावका कारण निर्वाहमुखी उत्पादन मात्र हुने गरेको देखिन्छ। यस गाउँपालिका पशुपालनका लागि उपयुक्त उच्च क्षेत्रमा पाटन चरन क्षेत्र रहेको छ। गाई, भैँसी, भेडावाख्रा साथै घोडा खच्चर लागि उपयुक्त रहेको यस क्षेत्रमा घाँस खेती गर्ने चलन भने छैन।


## खाद्य उपलब्धता (Food Availability)

### वार्षिक उत्पादन (Annual Production)





यस गाउँपालिकाको मुख्य अन्न बाली गहुँ, जौ, कोदो रहेको छ। अन्न बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: ४,५ र ६ रहेको छ। तरकारी उत्पादनमा क्रमश; फर्सी, आलु, खुर्सानी, मुला, रायो, बन्दा, करेला, काउली, गोलभेडा रहेको छ। तरकारी बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: ४ र ६ रहेका छन्।

पशुजन्य संख्या विवरण भेडा बाखा, गाई/गोरु, खसी/बोका, कुखुरा, खरायो र घोडा/ खच्चर रहेको छ। पशुजन्य उत्पादन मध्ये संख्याको तवरले बढी मात्रामा भेडा/बाखा पालन गर्ने वडाहरु क्रमश: २,१,५,४,३, र ६ रहेको छ। तुलनात्मकरुपमा बढी आर्थीक आमदानीको स्रोतको हिसाबले यस क्षेत्रमा बढि संलग्न घरपरीवार छन्।




## खाद्य उपलब्धता (Food Availability)

### वार्षिक उत्पादन तथा स्थानीय खाद्य उत्पादन प्रर्याप्तता (Annual Production and Sufficiency of Local Food Production )





यस गाउँपालिकाको नगदे बालीमुख्य रुपमा सिमी, आलु. सुन्तलाजात फलफुल पर्दछन्, साथै आमदानीको तवरले पनि यीनै बालीले बढी हिसा ओगटेको छ। नगदे बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरू क्रमश: २,१ ,४,३,२ र ६ रहेको छ। गैरकाष्ठ बनपैदावार उत्पादनको तवरले क्रमश; समायो, पदमचाल, चिराईतो, सिमपाती र खिरौला रहेको छ। गैरकाष्ठ बन पैदावार तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: १,२ र ३ रहेका छन।


समग्रमा गाउँपालिकाको कुल घरपरिवारमा आफ्नो स्थानीय उत्पादनले ४ महिना भन्दा कम पुग्ने ४ देखि ७ महिना पुग्ने प्रतिशत ७ देखि ९ महिना पुग्ने प्रतिशत र ९ देखि १२ महिना पुग्ने प्रतिशत यस ग्राफ मा उल्लेख गरियको छ।





## खाद्यमा पहुँच (Access )

यस गाउँपालिकाको उत्पादन तथा बिक्रीमा संलग्न घरपरिवारहरु मध्ये, आमदानीको हिसावले मुख्य रुपमा अन्नबालि विक्रि ११३.५ मे.टन, नगदेबाली ११३ मे.टन, पशुजन्य विक्रि १८८८ संख्या रहेको छ। यस गाउँपालिकाको धैरे हिसा ओगटेको खाद्यान्नबाली उत्पादन तथा दलहन बालिमा करिब ८५ प्रतिशत घरपरिवारहरु क्रमश सिमी, र आलु छ। वडागत तवरले कुल साना तथा ठुला खुद्रा पसल,फेन्सी पसल,खाद्यान्न पसलहरु न्यन नै छन । गाउँपालकिाको मुख्य बजार केन्द्र घटमुना बजार हो । पालिकामा रहेका विभिन्न साना ठुला व्यवसायीहरुको बार्षिक विक्रिदर ग्राफमा उल्लेख गरिएको छ। ।







## उपयोगिता (Utilization)

### खानेपानी तथा सरसफाई (Access to Drinking Water and Sanitation )

गौमुल गाउँपालिका वडा नं. १ देखि ६ वडा सम्मका सम्पुर्ण घरधुरीहरुमा खानेपानी उपयोग क्रमश: सार्वजनिक धारा ९३ प्रतिशतर निजी धारा उपभोग गर्ने ७ प्रतिशत घरधुरीले प्रयोग गरेका छन। खाने पानी तथा सरसफाईका सम्पुर्ण सुचकहरु पुरा भई गौमुल गाउँपालिका वडा नं. ४ लाई पुर्ण सरसफाई युक्त पालिका घोषणा भईसकेको छ । साथै गौमुल १ को गाउँटोल र पोख्रा दुर्गाली, वडा नं. २ आगरटोल, र वडा नं. ३ को पाते टोललाई पुर्ण सरसपाई युक्त टोल घोषणा गरिएको छ । समग्र गाउँपालिकाको सम्पुर्ण घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने सत प्रतिशत घरधुरी रहेको देखिन्छ।








### बाल पोषण अवस्था र छुई/छाउपडी चलन (Child Undernutrition among 6 – 23 months and Menstrual Hygiene Practice )

गौमुल गाउँपालिकाको ६ देखि २३ महिनाका बालबालिकाको संख्या ३९७ रहेको छ। यी बालबालिका मध्ये कम तौल भएका बालबालिका ३४ (८.९७९ प्रतिशत) रहेका छन्।

वडागत हिसाबमा सबै भन्दा कम तौल भएका जम्मा ४२ जना बालबालिकाहरु देखिएका छन । जस मध्य बालबालिकाहरु क्रमश; वडा नं ५ मा (0०.२५ प्रतिशत), वडा नं ४ मा ३( ०.७५ प्रतिशत ), वडा नं २ मा ७ जना (१.७६ प्रतिशत ), वडा नं ३ मा ७( १.७६ प्रतिशत ), वडा नं ७ मा ( १.७६ प्रतिशत ), र वडा नं १ मा १७ जना (४.२८ प्रतिशत ) रहेको छ।

***(स्रोत: स्वास्थ्य शाखा घट्मुना बाजुरा )।***




गौमुल गाउँपालिकाको घरधुरीहरुमा वडास्तरीय लक्षित समूह छलफल अनुसार छुई अर्थात छाउपडी चलन बारेमा लक्षित समुहसँग छलफलबाट छुई भएको बेला घरभित्रकै अलग कोठामा बस्ने ३६ प्रतिशत रहेको देखिन्छ भने सार्वजनिक धारा र शौचालयको प्रयोग गर्ने ६४ प्रतिशत देखिन्छ। विद्यमान अवस्थामा पनि महिला तथा किशोरीहरु महिनावरी भएको बेला छाउपडी बस्नु पर्ने बाध्यता छ। जसको कारणले महिलाहरुमा दैनिकी कामहरुमा यसले प्रत्यक्ष असर परेको छ। साथै पालिका भित्र छाउपडि सम्वन्धिको सामाजिक परम्परालाई न्युनिकरण गर्न गाउँपालिकाले विभिन्न साझेदार निकाय संग समन्वय गरि सचेतनामुल कार्यक्रमहरु संचालन गर्दै आईरहेको अवस्था देखिन्छ।


# स्थिरता (Stability)

## रोजगारीका श्रोतहरु ( Sources of incomes )

गौमुलगाउँपालिकाको वडागत लक्षित समूह छलफल सर्वेक्षण अनुसार रोजगार तथा आर्थिक आमदानीमा १५०० जना संलग्न भएको देखिन्छ। आमदानीको कूल हिसाहरु मध्ये क्रमश: भारतमा रोजगारी ७०७ जना, दैनिक ज्यालादारी रोजगारी ३३० जना, तेस्रो मुलुक १८७ जना, तलबी कर्मचारी २३९ जना र नेपाल भित्र मौसमी ब्यापार ३७ जना रहेको छ।

Annual cahs received

| Ward | India | Nepal | Third country | Daily wage | Sallaried | Elected representa |
|---|---|---|---|---|---|---|
| 1 | 200000 | 910000 | 1700000 | 1700000 | 4700000 | 720000 |
| 2 | 582000 | 346000 | 800000 | 449500 | 993000 | |
| 3 | 260000 | 60000 | 840000 | 71000 | 7334000 | |
| 4 | 6570000 | | 120000 | | 5626000 | |
| 5 | 437000 | | 1680000 | 528002 | 1383631 | 156000 |
| 6 | 45000 | | 1780000 | | 600000 | 298500 |





आम्दानीको स्रोतहरु मध्य सवै भन्दा बढि सरकारी तथा गैर सरकारी जागिरबाट आम्दानि भएको देखिन्छ भने अन्य श्रोतबाट भएको आम्दानी यसै चार्टमा उल्लेख गरिएको छ।

# स्थिरता (Stability)

## निर्वाहपद्धति (Coping Strategy )

समग्रमा गौमुल गाउँपालिका सम्पुर्ण घरपरिवारहरुले दैनिक जिवन निर्वाहपद्धति अपनाउने पद्धतिहरु क्रमश: ज्यालादारी ११४९ जना, नगद सरसापटी ७२० जना र अन्न सापटी ५८६ घरधरी र मौषमि व्यापार गर्ने ४३ घरधुरी रहेका छन ।

गौमुल गाउँपालिकामा वडागतरुपमा सामान्य अवस्थामा दैनिक जिवन निर्वाहपद्धतिका उपाय अपनाउने सबै भन्दा बढी क्रमश: वार्डन ३, ५ र ४ वडाहरु रहेका छन भने अन्य वडाहरुले अपनाउने निर्वाहपद्धिती भने स्तम्भ चित्रमा देखाईएको छ।



## सारांस (Conclusion)

- गौमुल  गाउँपालिकाको गाउँपालिकाको कूल क्षेत्रफल ३१३०६ हेक्टर रहेको छ, जस मध्ये खेती गरिएको जमिन करिव १९५३.८६ हेक्टर रहेको छ। जस मध्ये खेत ८२०.९ हेक्टर र वारी ३९०७.०७ हेक्टर रहेको देखिन्छ।
- वडागतरुपमा तुलनात्मकरुपमा अन्न बाली बढीउत्पादन हुने वार्डहरु क्रमश: ४,५ र ६ रहेको छ र तरकारी उत्पादनको हसावले क्रमश; फर्सी, आलु, खुर्सानी, मुला, रायो, बन्दा, करेला, काउली, गोलभेडा रहेको छ साथै तरकारी बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: ६, ४, र ३ रहेको छ।
- पशुजन्य उत्पादन  भेडा बाखा गाई/गोरु, खसी/बोका, कुखुरा, खरायो र घोडा/ खच्चर छ र पशुजन्य उत्पादन मध्ये संख्याको तवरले बढी मात्रामा भेडा/बाखा पालन गर्ने वार्डहरु क्रमश: २,१,३,५,४ र ६ रहेको छ।
- गैरकाष्ठ बन पैदावार उत्पादनको तवरले क्रमश; समायो, पदमचाल, चिराईतो, रातो च्याउ, सतुवा उत्पादन हुन्छ र  नगदे बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: १,२ र ३ रहेको छ।
- वडागत हिसावले कुल साना तथा ठुला खुद्रा पसल संख्याहरु न्युन मात्रामै छन भने पालिकाको केन्द्रविन्दु घटमुनामा रहेको बजार बाट बार्षीक कारोवार हुने गरेको पाईन्छ ।
- गौमुल गाउँपालिका घरधुरीहरुमा र सार्वजनिक स्थान विद्यालयहरुमा खानेपानी उपयोग क्रमश: सार्वजनिक धारा ९३ प्रतिशत घर धुरी र  निजी धारा उपभोग गर्ने ७ प्रतिशत घरधुरी रहेका छन। र पालिकाको बाकी रहेका स्थानहरमा खानेपानिका संरचना क्रमशः निर्माण भईरहेका छन।
- समग्रमा पालिकाको घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार १०० प्रतिशत रहेको छ साथै खाने पानि र सरसफाईका सम्पुर्ण सुचकहरु समुदाय स्तरमा पुरा भई गौमुल गाउँपालिका  वडा नं. ४ लाई  पुर्ण सरसफाई युक्त वडा घोषणा गरिसेकेको छ।  भने अन्य वडाका केहि टोलहरुलाई सरसपाई युक्त टोल घोषणा गरेको छ।
- समग्र गाउँपालिकाको ६ देखि २३ महिनाका बालबालिकाको संख्या ३९७ रहेको छ। यी बालबालिका मध्ये कम तौल भएका बालबालिका ४२ (१० %) रहेका छन्।
- गौमुल गाउँपालिकाको समग्रमा महिलाहरुकम छुई अर्थात छाउपडी चलन आंकलनको नतिजाले छुई भएको बेला गोठमा बस्ने  ६५ प्रतिशत महिलाहरुले  छुई भएको बेला सार्वजनिक धारा र सुरक्षित शौचालयको प्रयो गर्ने गरेका छन।
- समग्रमा पालिकाको रोजगार तथा आर्थिक आमदानीमा १५०० जना संलग्न भएको देखिन्छ जसमा आमदानीको कूल हिस्सा मध्ये  क्रमश: भारत रोजगारी ७०७ जना, दैनिक ज्यालादारी रोजगारी ३३० जना, तेस्रो मुलुक १८७ जना, तलबी कर्मचारी २३९ जना नेपाल भित्र मौसमी ब्यापार ३७ जना मौसमी /ब्यापार बसाई सराईबाट रहेको छ।
- समग्रमा पालिकाको दैनिक जिवन निर्वाहपद्धति घरपरिवारहरुले अपनाउने  पद्धतिमा क्रमश: ज्यालादारी ११४९, नगद सरसापटी ७२० र अन्न सापटी ५८६  र मौसमी ब्यापार गर्ने ४३ जना रहेका छन ।

**खाद्य सुरक्षा सूचना केन्द्र स्थापना, क्षमता अभिबृद्धि, खाद्य सुरक्षा सर्वेक्षण तथा यो खाद्य सुरक्षा बुलेटिन तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा विश्व खाद्य कार्यक्रमबाट प्राप्त प्राविधिक सहयोगका लागि कृषिशाखा, गौमुल  गाउँपालिका, बाजुरा आभार व्यक्त गर्दछ।**

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

WFP World Food Programme

**गौमुल गाउँपालिका**
**बाजुरा, सुदुरपश्चिम प्रदेश**

**थप जानकारीको लागि:**

**फोन नं : ९८४८४९२७२७,९८६८४४७१३५**

**Website: http //gaumulmun.gov.np/**

**सम्पर्क : कृषि शाखा, गौमुल गाउँपालिका, बाजुरा, सुदुरपश्चिम प्रदेश**

फोटो सौजन्य: कृषि विकास शाखा घट्मुना बाजुरा



